

# COVID 19
## Crisis Management Center
### Kalikot Bulletin

बुलेटिन प्रकाशन २०७७/०१/२६

# कालिकोट जिल्लामा नोवल कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापन

२०६८ सालको जनगणना अनुसार कालिकोट जिल्लामा १ लाख ३६ हजार जनसंख्या र करिव २३ हजार घरधुरी रहेका छन् । जिल्लामा जम्मा ३ वटा नगरपालीका र ६ वटा गाउँपालीका रहेका छन् । प्रत्येक नगरपालीका र गाउँपालीका अन्तर्गतका ८२ वडाहरु कोरोना भाइरस सम्वन्धि सचेतना अभिवृदी, क्वारेन्टिन व्यवस्थापन, नागरिकहरुको अनावश्यक आवतजावत नियन्त्रण, अत्यावश्यक परेका नागरिकलाई राहत वितरण तथा आपसी समन्वय र सूचना सम्प्रेषण लगायतका कार्यहरुमा संलग्न रहेका छन् ।



जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा बोल्दै प्र जि अ कृष्ण चन्द्र पौडेल

हालसम्म जिल्लाभर योजनाबद्ध रुपमा ४४९ जनाको आर डी टी र १७ जनाको पि सि आर परिक्षण सम्पन्न भएको छ जसमा सबै परिक्षणको परिणाम नेगेटिभ रहेको छ । संकास्पद विरामी तथा अन्यत्रबाट आएका नागरिकलाई क्वारेन्टिनमा राख्ने व्यवस्था, रणनितिक स्थानमा आइसोलेसन वार्ड स्थापना, ज्वरो मापन क्लिनिक सन्चालन खाद्यान्नको सहज आपूर्तिको व्यवस्था तथा लकडाउनको पालना लगायत आवश्यक व्यवस्थापनका लागि जिल्लाका सबै सरोकारवालाहरु पूर्णरुपमा लागिरहेका छन् । त्यसैगरी जिल्लामा सम्वन्धित सबै निकायहरु तथा स्थानिय तहहरुलाई जिल्लामा रहेको जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सूरक्षा समिति, जिल्ला कमाण्ड पोष्ट, जिल्ला संकट व्यवस्थापन केन्द्र द्रुत प्रतिकार्य टोली, स्वास्थ्य द्रुत प्रतिकार्य टोली लगायतले आवश्यक समन्वय र सहजिकरण गर्दै आउनुका साथै जिल्लामा कोरोना नियन्त्रणलाई प्रभावकारी बनाउन नयाँ नागरिकको प्रवेश विन्दु देखी नै देहायानुसारले व्यवस्थापन गर्ने गरिएको छ ।

## १.१ नियन्त्रित प्रवेश तथा प्रवेश बिन्दुमा परीक्षण

जिल्ला प्रवेशको मुख्य विन्दुको रुपमा रहेको दैलेख र कालिकोट जिल्लाको सिमा दहीखोलामा सबै पालिकाहरुको सहयोगमा हेल्थ डेस्क सन्चालनमा ल्याइएको छ ।




CMC को प्रमुख स्वास्थ्य सेवा कार्यालयका संयोजकत्व र ९ वटै पालिकाक
सहयोगमा जिल्लाको दहीखोला नाका स्थापना गरीएको हेल्थ डेस्क

जिल्लामा नागरीकहरूको अनावश्यक आवतजावत निरूत्साहीत गर्न नेपाल सरकारले घोषणा गरे बमोजिम यस जिल्लामा २०७६ चैत्र ११ गते देखी बन्दाबन्दीको अवस्था रहेको र सकभर घरमै बस्न अनावश्यक हिद्दुल नगर्न र नगराउन जिल्लालाई निषेधित क्षेत्र घोषणा गरिएको छ । जिल्ला प्रवेश गर्ने मुख्य नाका दहीखोलाबाट प्रवेश गर्ने सबैको ज्वरो परिक्षण गरी क्वार्न्टाइनमा बस्न अनुरोध गर्दै सम्वन्धित पालिकालाई उक्त नयाँ आएको नागरिकको सम्बन्धमा जानकारी गराउने गरीएको छ ।

## १.२ सचेतना तथा कोरोना सुचना कार्यक्रम

कोरोना भाइरस फैलने अवस्था सम्वन्धमा विभिन्न अन्तर्क्रीया कार्यक्रम, माइकिङ, पोस्टर, पम्प्लेट, फ्लेक्स प्रदर्शनी, स्वस्थ्यकर्मी मार्फत तथा स्थानिय रेडीयो समेतको सहयोगमा सचेतना अभिवृदी गर्ने कार्य गरिएको छ ।



DDMC को बैठकमा सरोकारवालाहरुमा COVID – 19 सम्बन्धि अन्तर्क्या गर्दै डा विज्ञान प्रजापति

साबुन पानीले विधीसम्वत रुपमा हात धुने, व्यक्तिगत सरसफाई गर्ने, मास्क लगाउने, कोरोना भाइरसका लक्षण देखीएमा चिकित्सकबाट सल्लाह लिने जस्ता विषयमा सूचना संप्रषण गरीएको छ ।

## १.३ सामूदायीक तथा व्यक्तिगत दुरी

जिल्लामा निषेधीत क्षेत्र घोषणा मार्फत बजार तथा सार्वजनिक तथा निजि स्थानमा समेत भिडभाड नगर्न, अत्यावस्यक काममा बाहेक घर बाहिर ननिस्कन, व्यक्ति व्यक्ति विचमा भैतिक दुरी कायम गर्न सूचित गरिएको छ । त्यस्तै विदेश वा शंकास्पद क्षेत्रबाट आएको खण्डमा क्वारेन्टाईन बस्नुपर्ने, स्थानिय तहहरुले अनिवार्य अनुगमन



सामाजिक दुरीको अवधारणालाई कायम गर्दै संचालन गरिएको DDMC को बैठक

गरी नियमित रुपमा तथ्याङक र प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरिएको छ ।यसरी निषेधित क्षेत्र घोषणा तथा क्वरेन्टाईनको व्यवस्थापन मार्फत समूदायिक तथा व्यक्तिगत दुरी कायम गर्ने प्रयास गरिएको छ ।

## १.४ नियमित समन्वय तथा लक्षण भएकाको परिक्षण

प्रत्येक स्थानिय तहसँग नियमित सम्पर्क गर्ने, एक तहले अर्को तहसँग समन्वय गर्ने, नयाँ आएका नागरिक तथा अन्य विवरणहरु नियमित रुपमा अधावधीक गर्ने, स्वास्थ्य सेवा कार्यलयले तय गरेको कार्य सन्चालन योजना अनुरुप आर डी टी तथा पि सि आर  परिक्षणको लागि स्वाब संकलन गर्ने र ल्याव टेस्टका लागि पठाउने जस्ता कार्यहरु नियमित गरिदै आएको छ ।



स्वास्थ्य सेवा कार्यलयव्दरा संचलित जिल्लाको सबै पालिकामा शंकास्पद व्यक्तिको आर डि टीव्दारा परिक्षण



स्वास्थ्य सेवा कार्यलयव्दारा संचलित जिल्लाको सबै पालिकामा आबश्यकता अनुसार शंकास्पद व्यक्तिको पि सि आर परिक्षणको लागि स्वाब लिदै

## १५ हुनसक्ने प्रकोपको तयारी


जिल्लामा उपलब्ध ७ वटा एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने , जिल्लामा सुविधा उपलब्ध भएसम्मका ४ स्थानमा १५ वेडको आइसोलेसन वार्ड तयार गरीएको, द्रुत प्रतिकार्य टोली, प्रत्येक स्थानिय तहमा स्वास्थ्य सम्बन्धि सम्पर्क व्यक्ती लगायतको व्यवस्था गरिएको छ ।



जिल्ला अस्पताल कालिकोटमा कोभिड १९ को लागि तयार गरिएको Isolation Ward

# जिल्लामा रहेको कोभिड १९ सम्बन्धित संयन्त्र

यस जिल्लामा कोभिड १९ को नियन्त्रणको सन्दर्भमा जिल्ला कमाण्ड पोष्ट द्रुत प्रतिकार्य तथा Crisis Management Center (CMC) गठनगरी कार्य गरिदै आइएको छ । गृह मन्त्रालयको मिति २०७६।१२।२० गतेको पत्रानुसार यस जिल्लामा जिल्ला स्थित Crisis Management Center (CMC) गठन गरिएको साथै पालिका स्तरमा सम्बन्धित पालिकाका प्रमुख / अध्यक्ष प्रमुख प्रशाकिय अधिकृत स्वास्थ्य संयोजक र सुरक्षाका प्रतिनिधी सहितको पालिका स्तरिय Crisis Management Center (CMC) गठन गरी कार्य सम्पादन हुदै आएको छ । जिल्ला स्तरीय Crisis Management Center (CMC) ले हालसम्म ६ वटा बेठक बसी कोभिठ १९ को नियन्त्रण तथा आवश्यक व्यवस्थापन सम्बन्धि कार्य सम्पन्न गरिसकेको छ । जिल्ला स्तरीय Crisis Management Center (CMC) को संरचना देहाय बमोजिम रहेको छ ।



सल्लाहकार ÷ प्रमुख, जि. स. स. श्री अनीपाल शाही



प्र.जि.अ. , श्री कृष्ण चन्द्र पौडेल



सेनानी ÷ श्री उत्तम कटवाल



प्र.ना.उ.÷ श्री श्यामबावु ओलिया



स.प्र.ना.उ.÷ श्री दिपेन्द्र कुँवर



प्र.अ.अ.÷ श्री दिल बहादुर चौधरी



नि.जि.स.अ.÷ श्री चक्र बहादुर शाही



नि.स्वा.से.व्य.÷ डा. भिष्म प्रसाद पोखरेल

**आमन्त्रीत सदस्य**



स.प्र.जि.अ.÷ श्री युवराज गुरागाई



MDGP ÷ डा विज्ञान प्रजापति



ज.स्वा.अ. ÷ श्री कटक ब महत



प्र.प्र.अ.खा.न.पा. श्री खड्क प्र उपाध्याय

## जिल्ला कमाण्ड पोस्टको वनावट

| | | |
|---|---|---|
| कृष्णचन्द्र पौडेल | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| उत्तम कटवाल | सेनानी | सदस्य |
| श्यामबाबु ओलिया | प्र.ना.उ. | सदस्य |
| दिपेन्द्र कुँवर | स.प्र.ना.उ. | सदस्य |
| दिल बहादुर चौधरी | प्र.अ.अ. | सदस्य |
| डा.भिष्म प्र.पोखरेल | नि.स्वा सेवा ब्यबस्थापक | सदस्य |
| डा.बिज्ञान प्रजापति | एमडिजिपी | सदस्य |
| खड्क प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कटक बहादुर महत | जनस्वास्थ्य अधिकृत | सदस्य |
| रतन बहादुर शाही | अध्यक्ष,काउबा | सदस्य |
| बल प्रसाद उपाध्याय | सभापति,नेरेसो | सदस्य |
| युबराज गुरागाई | स.प्र.जि.अ. | |

## जिल्लाको Rapid Response Team

| | |
|---|---|
| युवराज गुरागाई | स.प्र.जि अ. |
| संजोग सिंह खनाल | उप-सेनानी |
| ईन्द्र बहादुर मल्ल | प्रहरी निरीक्षक |
| कटक बहादुर महत | जनस्वास्थ्य अधिकृत |
| शंकरदेव शर्मा | सहायक निरीक्षक, |
| महेश देवकोटा | ईकाइ प्रमुख,शिक्षा बिकास |
| बिरेन्द्र बहादुर बुढा | अध्यक्ष, गैसस महासंघ |
| बल प्रसाद संज्याल | सभापति, रेडक्रस सोशाईटी |
| रतन बहादुर शाही | अध्यक्ष, उधोग बाणिज्य |
| तुलाराम पाण्डे | सभापति, पत्राकार महासंघ |

## स्वास्थ्य सेवा कार्यालयको RRT

| | |
|---|---|
| डा.बिज्ञान प्रजापति | क्लिनिकल कोअर्डिनेटर |
| कटक बहादुर महत | जनस्वास्थ्य अधिकृत |
| डा.राजकमल कार्कि | मेडिकल अधिकृत |
| हेमराज बम | सिअहेव अधिकृत |
| जगदिश नेपाली | सिअहेव अधिकृत |
| निशा सन्ज्याल | स्टाफ नर्स |
| चेतराज अधिकारी | ल्याव टेक्निसियन |
| हरि प्रसाद पाण्डे | अ.हे.व. |
| तुलराज देवकोटा | का.स. |



क्वारेनटेनमा बसेकाहरूको IR Thermometer बाट ज्वरो मापन गर्दै


आर डि टि किटबाट कोभिड १९ को परिक्षण गर्दै


सदरमुकाम मान्म बजारमा क्लोरिन स्प्रे गरिदै



क्वारेनटेनमा बस्नेहरूको नाम दर्ता गरिदै

## जिल्लामा स्थापना गरिएका आईसोलेसन वार्ड

| स्वास्थ्य संस्थाको नाम | बेड स | चिकित्सकको नाम |
|---|---|---|
| कालिकोट जिल्ला अस्पताल. | ४ | डा.बिज्ञान प्रजापति |
| प्रा.स्वा.के.कुमालगाउँ | ५ | डा.जितेन्द्र महतो |
| ओदा फाउन्डेसन | २ | डा.प्रसन्ना खतिवडा |
| स्वास्थ्य चौकी स्यूना | ४ | डा.भोजराज बम |

# कालिकोट जिल्लामा COVID 19 रोकथाम तथा नियन्त्रणको लागि गठन भएका CMC का पदाधिकारीहरूको विवरण

| **खाडाचक्र नगरपालिका** | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | नगर प्रमुख | जसी प्रसाद पाण्डे | खाडाचक्र न पा |
| २ | प्र प्रशासकिय अधिकृत | खड्क प्रसाद उपाध्याय | खाडाचक्र नपा |
| ३ | स्वास्थ्य संयोजक | रविन्द्र सेजुवाफ | नगर स्वा का |
| ४ | प्रहरी निरीक्षक | ईन्द्र बहादुर मल्ल | जि प्र का |

| **रास्कोट नगरपालिका** | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | नगर प्रमुख | काशी चन्द्र वराल | रास्कोट न पा |
| २ | प्र प्रशासकिय अधिकृत | प्रेम प्रसाद आचार्य | रास्कोट न पा |
| ३ | स्वास्थ्य संयोजक | हंश राज वराल | नगर स्वा का |
| ४ | प्रहरी ना निरीक्षक | राजन मल्ल | नगर प्र का |

| **तिलागुफा नगरपालिका** | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | नगर प्रमुख | रत्न बहादुर शाही | तिलागुफा न पा |
| २ | प्र प्रशासकिय अधिकृत | लक्ष्मण प्रसाद चौलागाई | तिलागुफा न पा |
| ३ | स्वास्थ्य संयोजक | जसेन्द्र शाही | नगर स्वा का |
| ४ | प्रहरी स निरीक्षक | लालु मणी नाथ | नगर प्र का |

| **नरहरीनाथ गाउँपालिका** | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | गाउँपालिका प्रमुख | धिर बहादुर विष्ट | नरहरीनाथ गा पा |
| २ | प्रशासकिय अधिकृत | लाल बहादुर मल्ल | नरहरीनाथ गा पा |
| ३ | स्वास्थ्य संयोजक | अमर बटाला | गापा स्वा का |
| ४ | प्रहरी ना निरीक्षक | लोक राज योगी | प्रहरी चौकी |

| **शुभकालिका गाउँपालिका** | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | गाउँपालिका प्रमुख | खडान्नद चौलागाई | शुभकालिका गा पा |
| २ | प्रशासकिय अधिकृत | हस्त बहादुर शाही | शुभकालिका गा पा |
| ३ | स्वास्थ्य संयोजक | ऐन बहादुर शाही | गापा स्वा का |
| ४ | प्रहरी स निरीक्षक | शहवीर सुनार | प्रहरी चौकी |



जि प्र कामा PTT Team लाई PPE लगाउने तरीका प्रदर्शनी गर्दै



कोभिड १९ सम्बन्धि जनचेतना तथा जानकारी प्रवाह गर्दै जि प्र का



जि प्र कामा PTT Team लाई PPE लगाउने तरीका प्रदर्शनी गर्दै



विदेशबाट आएकाहरूको आर डि टि बाट कोभिड१९ को परिक्षणा गर्दै

| सन्नीत्रीवेणी गाउँपालिका | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | गाउँपालिका प्रमुख | डम्बर बहादुर शाही | सन्नित्रिवेणी गा पा |
| २ | प्रशासकिय अधिकृत | नेत्र बहादुर शाही | सन्नित्रिवेणी गा पा |
| ३ | स्वास्थ्य संयोजक | मिन बहादुर विष्ट | गा पा स्वा का |
| ४ | प्रहरी स निरीक्षक | नर बहादुर बुढा | प्रहरी चौकी |

| पचालझरना गाउँपालिका | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | गाउँपालिका प्रमुख | खड्क बहादुर सेजुवाल | पचालझरना गा पा |
| २ | प्रशासकिय अधिकृत | शिव कुमार पौडेल | पचालझरना गा पा |
| ३ | स्वास्थ्य संयोजक | विरेन्द्र संज्याल | गा पा स्वा का |
| ४ | प्रहरी ना निरीक्षक | पुष्प बहादुर कठायत | प्रहरी चौकी |

| महावै गाउँपालिका | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | गाउँपालिका प्रमुख | नन्द बहादुर सिंह | महावै गा पा |
| २ | प्रशासकिय अधिकृत | गणेश मान सिंह | महावै गा पा |
| ३ | स्वास्थ्य संयोजक | बासमती शाही | गा पा स्वा का |
| ४ | प्रहरी स निरीक्षक | भक्त बहादुर रावल | प्रहरी चौकी |

| पलाता गाउँपालिका | | | |
|---|---|---|---|
| ***सि नं*** | ***दर्जा*** | ***नाम थर*** | ***कार्यलय*** |
| १ | गाउँपालिका प्रमुख | लक्ष्मण बहादुर बम | पलाता गा पा |
| २ | प्रशासकिय अधिकृत | राज बहादुर बम | पलाता गा पा |
| ३ | स्वास्थ्य संयोजक | हिमाल संज्याल | गा पा स्वा का |
| ४ | प्रहरी स निरीक्षक | कमला मल्ल | प्रहरी चौकी |



जिल्ला विपद व्यवस्थापनको बैठकमा कर्णाली प्रदेश सरकारका मा आन्तरिक मामिला तथा कानून मन्त्रीद्वरा निर्देशन हुदै



नेपाली सेनाका जवानहरूलाई PPE लगाउने तरिका सिकाउँदै डा विज्ञान प्रजापति



CMC बैठकको दृष्य



CMC बैठकको दृष्य




कालिकोट जिल्ला अस्पतालको आइसोलेशन वार्डको अवलोकन गर्दै मा मन्त्री नरेश भण्डारी


## कोभिड १९ व्यवस्थापन सम्वन्धि तथ्याङ्कीय झलक

- क्वारेन्टीन रहेको स्थन ÷ ५९
- क्वारेन्टीनमा वेड संख्या ÷१०८४
- क्वारेन्टीनमा बसेको संख्या ÷ ११२
- हेल्थ डेस्क परीक्षण संख्या ÷ ९५१८
- RDT परिक्षण संख्या ÷ ४४९(नेगेटिभ)
- Swab Collection संख्या ÷१७(नेगेटिभ)
- राहत वितरण गरिएका घर धुरी संख्या÷२१२२
- तयारी अवस्थामा एम्बुलेन्स संख्या÷७
- जिल्ला भरका स्वास्थ्य कर्मीको संख्या÷३७५
- आइसोलेसन वेड संख्या ÷१५

### कालिकोट जिल्लाका पालिकाहरूमा रहेका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको संख्या




### पालिका स्तरीय आर डी टी परिक्षण



## जिल्लामा COVID – 19 को नियन्त्रण तथा व्यवस्थापनका सवल र दुर्वल पक्षहरु

### (क) सवल पक्षहरु

१. जिल्ला र स्थानिय तहमा CMC को नियमित बैठक र समन्वय,

२. जिल्लामा कमाण्ड पोष्ट स्थापना र सञ्चालन,

३. दैनिक रुपमा विस्तृत प्रतिवेदन प्रणाली र नियमित छलफल

४. स्थानिय स्तरमा श्रोत साधन उपलव्ध भएका आधारमा जिल्लाभरका ५९ स्थानमा १०८४ क्वरेन्टिन स्थापना,

५. जिल्लामा उपलव्ध ७ ओटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको,

६. सबै स्थानिय तहको सहयोगमा दहीखोला इलाकामा एकिकृत Health Desk सञ्चालन,

७. जिल्लाका ४ रणनितिक स्थानमा १५ वेड क्षमताका आइसोलेसन वार्ड स्थापना,

८. राजनितीक दल, स्थानिय तह, सञ्चार माध्यम, उधाग बाणीज्य तथा रेडक्रस समेतको सहभागितामा कोभिड १९ सम्वन्धि विभिन्न सचेतना कार्यक्रम सञ्चालन,

९. रोग नियन्त्रणलाई प्रभावकारी बनाउदै तत्काल प्रतिकार्यका लागि Rapid Response Team गठन,

१०. जिल्ला विपद व्यवस्थापन समिति मार्फत जिल्लाभर व्यवस्थापकीय एकरुपता र लकडाउनको प्रभावकारी कार्यानवयनका लागि आवस्यक समन्वय,

११. उपलब्ध स्वास्थ्य सेवा, पूर्वाधार तथा सूरक्षा समेतलाई मध्यनजर गर्दै रणनितीक स्थानहरुमा क्वारेन्टिनको व्यवस्था,

१२. अन्यत्रबाट जिल्लामा प्रवेश गर्ने नागरिकको विवरण अधावधीक गरी RDT र आवस्यकताका आधारमा PCR परिक्षण गर्ने गरिएको,

१३. आइसोलेसन वार्ड रहेका अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा फिवर क्लिनिकको प्रवन्ध गरि सेवा प्रवाह भैरहेको

१४. अत्यावस्यक पर्ने नागरिकका लागि स्थानिय स्तरवाट राहतको व्यवस्था गरिने गरिएको साथै जिल्लामा खाध सामग्रीको सहज आपूर्तिका लागि जिल्ला स्थित खाध संस्थान कार्यालय, कृषी कार्यालय, उधोग वाणिज्य महासंघ, खाध स्टोरहरु लगायत सँग समन्वय गरिएको,

### (ख) कमजोर पक्षहरु

१. भौगोलिक दुर्गमता तथा पूर्वाधारको न्युन विकासका कारणले सबै स्थानिय तहहरुलाई सहजरुपमा कोभिड १९ नियन्त्रण सम्वन्धि स्वस्थ्य सामग्री तथा क्वरेन्टिन व्यवस्थापन मा समस्या,

२. कतिपय समयमा दुर्गमताका कारणले विभिन्न स्थानिय तहसँग सञ्चार सम्पर्क समेत नहुँदा रिपोर्टीङमा समस्या हुने गरेको

३. जिल्लामा न्यून मात्रामम PPE, Oxygen Cylinder, Oxygen Concerntrater, Moniter, Cpap, Ventilator जस्ता अत्यावस्यक स्वास्थ्य सामग्रीको कमी रहेका

४. जिल्लाको आफ्नो खाध उत्पादन न्यून हुनु, जटिल भौगोलिकताले भएको उत्पादनको समेत समयमै सहज वितरण गर्न नसकिनु जस्ता कारणले लकडाउन लामो समयसम्म रहेमा खाधान्न उपलब्धतामा समस्या हुन सक्ने,

५. जिल्लाका धेरै नागरिकहरु काम तथा अन्य प्रयोजनका लागि भारत लगायत अन्य देश तथा अन्यत्र सहरी क्षेत्रमा गएका र उनीहरुको पैदलै तथा अन्य तरिकाले फर्कने क्रम बढेकोले क्वारिन्टिन तथा ट्रयाकिङ र ट्रेसिङ व्यवस्थापन मा समस्या देखिएको ।


| सल्लाहाकार | प्रकाशक | संकलन तथा संम्पादन |
|---|---|---|
| कृष्ण चन्द पौडेल | Crisis Management Center | उत्तम कटवाल   विज्ञान प्रजापति |
| प्रमुख जिल्ला अधिकारी | Kalikot | युवराज गुराँगई   कटक बहादुर महत |